जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १६१ २०८० साल माघ १२ गते शुक्रबार (26 Jan. 2024 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायु परिवर्तनसँग लड्ने.. ३ पृष्ठमा : सरकार आन्तरिक रोजगार... ३ पृष्ठमा : गाजास्थित संयुक्त राष्ट्रसंघीय..

# वर्षौंदेखि भोगचलन गर्दै आएको जग्गाबाट बिस्थापित गराउन खोजिएको भन्दै पीडितहरु न्यायको खोजिमा



**दैनिक समाचारदाता**
**राजविराज, ११ माघ ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ६ कठौना बजार क्षेत्रमा विटौरी रसिदको आधारमा वर्षौंदेखि बसोवास गर्दै आएको जग्गाबाट उठिवास गराई घरवार विहिन बनाउन चलखेल भइरहेको भन्दै दर्जनौ पीडित परिवारले न्यायका लागि अपिल गरेका छन् ।

बाउबाजेको पालादेखि वसोवास गर्दै आएका करिब ८५ परिवार अहिले उक्त जग्गाबाट विस्थापित गराउने चलखेल भइरहेको भन्दै आफुहरुलाई उठिवासबाट जोगाउन सहयोगका लागि अपिल गरेका हुन् ।

उनीहरुले स्थानीय केही ब्यक्तीको स्वार्थपूर्ती कार्यमा वडाका कर्मचारी, पूर्व जनप्रतिनिधीले साथ दिदै किर्ते कागजात तयार गरी आफूहरु वसोवास गर्दै आएको जग्गा अर्कै ब्यक्तीलाई बेचविखन गर्न खोजेको आरोप लगाउँदै सोको छानवीन हुनु पर्ने माग समेत गरेका छन् ।

पीडित मध्येका प्रेम प्रसाद गुप्ताका अनुसार २०२६ सालमा तत्कालिन मोहनपुर गाउँ पंचायतले बजार वसाउने क्रममा स्थीयवासीको छलफल र सहमतिमा ८२ बटा प्लट छुट्टयाइएको थियो । सोही प्लट जग्गामा घर तथा पसल निर्माण गरी भोगचलन गर्दै आएकाहरुलाई उठिवास गराउने गरी अहिले केही ब्यक्तीहरुले किर्ते सिफारिस तयार गरी बिक्रि वितरण गर्ने षडयन्त्र गरिरहेको उनको भनाई छ ।

उनले वास्तविक जग्गाधनीलाई विस्थापित गर्नका लागि नक्कली जग्गाधनी खडा गरी आवश्यक कागजात समेत तयार गरिएको दाबी पनि गरे ।

जग्गा वापत तत्कालिन गाँउपंचायतबाट पाएको विटौरी रसिदका आधारमा वसोवास गर्दै आएको र हाल सम्म गाउँपालिका हुदै नगरपालिका सम्मलाई सो वापतको कर बुझाउँदै आएकोमा एक्कासी उठिवास गराउने गरी चलखेल शूरु हुँदा आफुहरु चिन्तामा डुबेको अर्का विटौरी जग्गा बाहक राम प्रसाद भगतको गुनासो छ । उक्त जग्गाको वर्षौ देखि नियमित कर लिने गरेको पालिकाले अहिले लालपुर्जा दिन इन्कार गर्नू र आफूहरुको उठिवास हुने गरी गतिविधी अघि बढाउनु आफूहरुमाथी अन्याय हुने अर्का स्थानीयवासी सुरेन्द्र प्रसाद गूप्ताको भनाई छ ।

यस सम्बन्धमा २०७८ साल बैशाख २१ गते तत्कालिन नगर प्रमुख योगेन्द्र प्रसाद चौधरीले भुमि सुधार तथा मालपोत कार्यालयलाई पत्राचार गर्दै नगरपालिकाको ५८ औं बोर्ड बैठकले समेत साविक मोहनपुर वडा नं. ५ को साविक कित्ता नं.१७, १८, १९, २०, २१, ३५६, ४०१, ४४०, ४४२, ५४४ र ५ (क) को हालको कित्ता नं.७३५ र (ख) को किता नं.६१, ६२, ७०, ७१, ७२, ७३, ७४, ७५, ७६, ७७ र ५ (ख) को हालको किता नं ४०७, ४८५,७६१, ७६२, ७६४, ७७५, ७५६, ७७६, ९४८, ९४९, ५३२ र ७५५ को जग्गा विटौरी रसिदको आधारमा वर्षौ देखि घर तथा पसल लगायतका संरचना निर्माण गरी भोग चलन गर्दै आएकोले अन्य कसैले बेच विखन गर्न न पाउने निर्णय गरेको र सोहीनुसारको व्यवस्था मिलाउन अनुरोध गरेको थियो ।

जिल्ला प्रशासन कार्यालय सप्तरीलाई बोधार्थ समेत दिइएको

***बाँकी अन्तिम पृष्ठमा***

# चैत १६ देखी विष्णु महायज्ञ हुने



**दैनिक समाचारदाता**
**राजविराज, ११ माघ ।**

राजविराजमा महाविष्णु महायज्ञ हुने भएको छ । राजविराज वडा नं. ६ खरसालमा चैत १६ गतेदखी हुने सो महायज्ञका लागि बिहीबार भूमिपुजन ( ध्वजारोहन) गरिएको छ ।

महायज्ञ मूल समितिका संयोजक खुशीलाल यादवले विधिवत् रुपमा भूमिपुजन गरि ध्वजारोहन गरेका हुन् ।

आगामी चैत १६ गतेदेखी २४ गतेसम्म आयोजना हुने महायज्ञका लागि राजविराज वडा नं. ६, ७ र १६ का स्थानीयहरुले पूर्ण रुपमा सहयोग गरिरहेका छन् ।

महायज्ञका लागि गठित मूल समितिलगायत उपसमितिका पदाधिकारीहरुले व्यक्तिगत रुपमा आर्थिक सहयोग गरिरहेको तथा स्थानीयवासी र अन्य श्रोतबाट पनि आर्थिक संकलन हुने क्रम जारि रहेको मूल समितिले जनाएको छ ।

चैत १५ गते कलशयात्रा हुने र १६ गतेदेखी साताव्यापी महायज्ञ संचालन हुने समितिका संयोजक यादवले बताए ।

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# सेनिटरी प्याड खरीद प्रकरणमा रुपनीका प्रमुख प्रशासकीय अधिकृतसहित पाँच जनाविरुद्ध आरोपपत्र दायर

**दैनिक समाचारदाता**
**राजविराज, ११ माघ ।**

सप्तरीको रुपनी गाउँपालिकामा छात्राहरुका लागि नि:शुल्क वितरण गरिने सेनिटरी प्याड खरिद र भुक्तानीमा भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित पाँच जना बिरुद्ध विशेष अदालतमा आरोप पत्र दायर गरेको छ ।

आयोगले सप्तरीको रुपनी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अरविन्दकुमार चौधरी, लेखा अधिकृत श्यामसुन्दर यादव, माध्यमिक तह शिक्षक श्यामप्रसाद यादव, नायब सुब्बा सुजन दाहाल र लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स राजविराजका ललिताकुमारी साहसमेत पाँच जनाविरुद्ध बिहीबार आरोपपत्र दायर गरेको हो ।

अभियुक्तहरूले खुद्रा मूल्यभन्दा दुई गुणा बढी रकममा सेनिटरी प्याड खरिद गरेर १७ लाखभन्दा बढी रकम हिनामिना गरेकाले उनीहरूविरुद्ध आयोगले मुद्दा दायर गरेको जनाएको छ ।

***बाँकी दुई पृष्ठमा***

**मोवाइलको लतबाट बालबालिकालाई बचाऔं**

- मोबाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,
- मोबाइलको लतले बालबालिकाको मष्तिष्क विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोबाइलको लत बस्न सक्दछ,
त्यसैले अभिभावकले मोबाइलको कम प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जलवायु परिवर्तनसँग लड्ने लक्ष्यका साथ 'ग्रीन हाइड्रोजन' नीति

**रमेश लम्साल**

काठमाडौँ, ११ माघ (रासस)।

ऊर्जाको बदलिँदो प्रवृत्तिलाई आत्मसात् गर्ने उद्देश्यका साथ सरकारले 'ग्रीन हाइड्रोजन नीति–२०८०' कार्यान्वयनमा ल्याएको छ। जैविक इन्धनको प्रयोगलाई क्रमशः कम गर्दै लैजाने र देशभित्रै उत्पादन भएको बिजुलीको प्रयोग गरेर हाइड्रोजन उत्पादन गर्ने लक्ष्य राखिएको छ।

सरकारले जलवायु परिवर्तनसँग जुध्ने लक्ष्यका साथ सो नीति कार्यान्वयनमा ल्याएको हो। ऊर्जाका विभिन्न स्रोतमध्ये कान्छो पुस्ताको स्रोतका रूपमा विश्वव्यापीरूपमा स्थापित हुँदै आएको हाइड्रोजनले समयको मागलाई सम्बोधन गर्ने सरकारको बुझाइ छ।

सरकारले ग्रीन हाइड्रोजन र यसको सहउत्पादन गर्ने उद्योग स्थापना र लगानी प्रवर्द्धनलाई प्रोत्साहन गर्न आवश्यकता र औचित्यताका आधारमा छुट सुविधा प्रदान गर्न सकिने व्यवस्था गर्ने रणनीति अगाडि सारेको छ। यस्तै ग्रीन हाइड्रोजन तथा यसको सहउत्पादन गर्ने उद्योगलाई निश्चित अवधिका लागि आयकरमा छुट प्रदान गरिने छ। उद्योग स्थापनाका लागि आवश्यक उपकरण आयात गर्दा लाग्ने भन्सार दस्तुर तथा महसुलमा सहुलियत प्रदान गरिनेछ।

सरकारले कार्यान्वयनमा ल्याएको नीतिअनुसार ग्रीन हाइड्रोजन तथा यसको सहउत्पादन गर्ने उद्योगलाई मूल्य अभिवृद्धिकर, अन्तःशुल्कलगायतमा छुट प्रदान गर्न गरिने व्यवस्था गरिएको छ। हाइड्रोजन तथा यसका सहउत्पादनका लागि उद्योगले छुट्टै विद्युत् आयोजना विकास गरी विद्युत् आफैँ खपत गरेमा विद्युत् रोयल्टी छुट दिनका लागि आवश्यक व्यवस्था गरिनेछ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले यस नीतिअनुसार अब ऊर्जा उत्पादनको नयाँ आयामका रूपमा रहेको हरित हाइड्रोजन उत्पादनमा क्रमशः बढावा पाउने विश्वास व्यक्त गरेको छ। सरकारले हरित हाइड्रोजनबाट रासायनिक मल उत्पादन गर्ने लक्ष्य राखेको छ। त्यसको आवश्यक अध्ययन तथा प्रारम्भिक तयारीको कामसमेत भइसकेको छ।

विशेषतः काठमाडौँ विश्वविद्यालयले यसमा आवश्यक अध्ययन तथा परीक्षणको काम गरिरहेको छ। जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने, न्यून कार्बन उत्सर्जन गर्ने, रायायनिक मल उत्पादन र औद्योगिकीकरणलाई प्रोत्साहन गर्ने उद्देश्यसहित हाइड्रोजन नीति ल्याइएको ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले जानकारी दिनुभयो।

नीतिअनुरुप ग्रीन हाइड्रोजन र यसको सहउत्पादन गर्ने उद्योगका लागि सरकारले सहुलियत दरमा विद्युत् उपलब्ध गराउनेछ। जलवायु परिवर्तनको प्रमुख कारकका रूपमा रहेको कार्बन उत्सर्जन न्यूनीकरण गर्दै कार्वन व्यापार प्रवर्द्धन गर्ने सरकारको लक्ष्य छ। यस्तै हाइड्रोजनबाट चल्ने सवारीसाधनको प्रवर्द्धन गर्ने, स्टिल, सिमेन्टलगायतका उद्योगमा ग्रीन हाइड्रोजनको व्यापारिक उपयोगलाई प्रोत्साहन गर्ने विषयलाई नीतिले महत्व दिएको छ।

खासगरी पेट्रोलियम पदार्थको प्रतिस्थापनका लागि ग्रीन हाइड्रोजनमा आधारित इन्धनको उपयोगलाई बढावा दिइनेछ। त्यसको उत्पादन, उपयोग, भण्डारण र ढुवानीलाई सुरक्षित गर्न आवश्यक पूर्वाधार वातावरणमैत्री बनाउने लक्ष्य राखिएको छ। आवश्यक विद्युत् उद्योगसम्म ल्याउनका लागि विद्युत् प्रसारण लाइन तथा सबस्टेशनको निर्माण हुनेछन्।

ग्रीन हाइड्रोजनको उत्पादन, उपयोग, भण्डारण र ढुवानीका लागि आवश्यक पर्ने जग्गा कानुनबमोजिम प्राप्तिका लागि सहजीकरण गरिनेछ। रासायनिक मल उत्पादन गर्ने उद्योग स्थापना तथा प्रवर्द्धन, उत्पादित रासायनिक मलको बजारीकरणलाई सहजीकरण गर्ने रणनीति तय भएको छ। नवीनतम् ऊर्जाको भविष्यका रूपमा लिइएको तथा पछिल्लो समयमा प्रविधिमा भएको विकासले विश्वव्यापीरूपमा हाइड्रोजनको उत्पादन र प्रयोगलाई नयाँ आयाम प्रदान गरेको छ।

नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष जनाएको शून्य कार्वन उत्सर्जनको प्रतिबद्धता पूरा गर्न ग्रीन हाइड्रोजन ऊर्जाको उत्पादन र प्रयोगले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने अवस्था रहेको छ। ग्रीन हाइड्रोजन स्वच्छ ऊर्जा रूपान्तरणमा योगदान गर्ने ठूलो सम्भावनाको रूपमा रहेको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव एवं प्रवक्ता नवीनराज सिंहको भनाइ छ।

नेपालको सन्दर्भमा जलविद्युत्बाट हाइड्रोजन र यसका सहउत्पादनको सम्भावना छ। जलविद्युत्को मौसमी उत्पादनलाई सम्बोधन गर्न, यातायात र उद्योगहरूमा पेट्रोलियम पदार्थ खपत घटाउने सम्भावना यस क्षेत्रमा प्रोत्साहन गरिएको छ। प्रचुर मात्रामा उपलब्ध जलविद्युत् प्रयोग गरी ग्रीन हाइड्रोजन उत्पादन र यसको प्रयोगबाट रासायनिक मल उत्पादन तथा यसको सहउत्पादन निर्यात गरी विदेशी मुद्रा आर्जन गर्नसक्ने देखिएको छ।

भारत, चीन र अमेरिकालगायत धेरै मुलुकले हाइड्रोजनको उत्पादन तथा यसको उपयोगको मार्गचित्र तयार गरी लागू गरिसकेको अवस्था छ। ऊर्जा क्षेत्रमा आत्मनिर्भर बन्नका लागि छिमेकी राष्ट्रले समेत हाइड्रोजन नीति लागू गरिसकेका छन्। रासायनिक मल आयातमा ठूलो मात्रामा विदेशी मुद्रा मुलुक बाहिर गइरहेको छ। सो अवस्थाबाट मुक्त हुन, विद्युत् खरिद बिक्री सम्झौता भएको छ।

विद्युत् उत्पादनको विभिन्न चरणमा रहेका आयोजनाबाट आगामी केही वर्षभित्र ठूलो मात्रामा उत्पादन हुने तथ्याङ्क नेपाल विद्युत् प्राधिकरणले सार्वजनिक गरेको छ। जलविद्युत्को खपत बढाउन र दिगो तथा स्वच्छ औद्योगिकीकरणको गतिलाई तीव्रता दिन ग्रीन हाइड्रोजनको उत्पादन र उपयोग आगामी दिनमा थप अपरिहार्य बन्दै गएको छ।

**यस्तो छ ग्रीन हाड्रोजनमा गरिएको प्रयास**

विसं २०६५ मा त्रिभुवन विश्वविद्यालय र वेस्टर्न मिचिगन विश्वविद्यालयले संयुक्तरूपमा नेपालमा हाइड्रोजन ऊर्जाको सम्भावनासम्बन्धी अध्ययन गरेको थियो। सो अध्ययनअनुसार जलविद्युत् प्रयोग गरी हाइड्रोजन तथा यसको सहउत्पादन गर्न र सोको उपयोग गरी पेट्रोलियम पदार्थको आयातमा न्यूनीकरण गर्न सकिनेछ।

त्यसैगरी २०७७ सालमा एसियाली विकास बैंकले नेपालमा जलविद्युत्को प्रयोगबाट हाइड्रोजनको उत्पादनको सम्भावनाका बारेमा अध्ययन गरेको थियो। सोही वर्ष नै काठमाडौँ विश्वविद्यालयले ग्रीन हाइड्रोजन प्रयोगशाला स्थापना गरी नेपालको सन्दर्भमा हरित हाइड्रोजनको आवश्यकता र सम्भावनाबारे अनुसन्धान गरिरहेको छ।

जल तथा ऊर्जा आयोगको सचिवालयले २०७८ सालमा नेपालमा ग्रीन हाइड्रोजन उत्पादनको सम्भावना र प्रयोगका सम्बन्धमा प्रारम्भिक अध्ययन गरी प्रतिवेदन तयार पारेको थियो। सो प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेस गरेको थियो।

आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुदाँ नं दुई सय ५७ मा 'नेपालको इन्धन र ऊर्जा उपभोग एवं यातायात र औद्योगिक क्षेत्रको समग्र विकासमा योगदान गर्न सक्नेगरी हाइड्रोजन ऊर्जाको व्यावसायिक उपयोग गर्न आवश्यक कार्य प्रारम्भ गरिनेछ' भन्ने उल्लेख छ। सोही बजेट वक्तव्यको बुदाँ नं ३६ मा 'ग्रीन हाइड्रोजन र ग्रीन एमोनिया प्रविधि प्रयोग गरी रासायनिक मल कारखाना स्थापना गर्न लगानी बोर्ड नेपालमार्फत कार्य अगाडि बढाइने' भन्ने उल्लेख थियो।

# दादुरा–रुवेलाविरुद्धको खोप फागुन दोस्रो सातादेखि

काठमाडौँ, ११ माघ (रासस)।

सरकारले आगामी फागुन दोस्रो सातादेखि देशभरि दादुरा–रुवेला विरुद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ। दादुरा–रुवेला सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै फागुन १३ देखि चैत ७ गतेसम्म करिव ५७ लाख बालबालिकालाई खोप लगाउने लक्ष्य छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नौ महिनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई दादुरा–रुवेला विरुद्धको खोप दिन लागेको हो। स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार भारतसँग सीमा जोडिएका दादुरा–रुवेलाबाट अति सङ्क्रमित २१ जिल्ला तथा काठमाडौँ उपत्यकाका काठमाडौँ, भक्तपुर र ललितपुरका सबै बालबालिकालाई उक्त खोप लगाइने छ।

"बाँकी ५१ जिल्लाका बालबालिकालाई पनि खोप अभियानमा सहभागि गराइने छ", प्रमुख डा गौतमले भन्नुभयो। जाजरकोट र रुकुम पश्चिममा भने यसअघि नै खोप अभियान सञ्चालन गरिएको थियो। फागुन १३ देखि चैत ७ गतेसम्म खोप अभियानका क्रममा नियमित छुटेका खोप पनि बालबालिकालाई लगाइने उहाँले बताउनुभयो।

परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले सरकारले सन् २०२६ सम्म दादुरा–रुवेला निवारण गर्ने लक्ष्यका साथ खोप अभियान सञ्चालन गर्न लागिएको बताउनुभयो।

दादुरा–रुवेला सवभन्दा बढी सङ्क्रामक रोग हो। एक व्यक्तिले १८ जनासम्म यो रोग सार्न सक्दछ। "दादुरा–रुवेला बढी सङ्क्रामक हुन्छ", खोप शाखा प्रमुख डा गौतमले भन्नुभयो, "त्यसैले यस वर्ष देशभरी नै खोप अभियान सञ्चालन गर्न थालेका छौँ।"

***सेनिटरी प्याड …***

गाउँपालिकासँग मिलोमतो गरी सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खुद्रा मूल्यभन्दा दुई गुणा बढी रकममा सेनिटरी प्याड खरिद गरेको भनि आयोगमा उजुरी परेको थियो।

आर्थिक वर्ष ०७७/०७८ मा मिलोमतोमा लागत अनुमान नै तयार नगरी नगराई ९ लाख ११ हजार ९ सय २५ रुपैयाँमा खरिद भएको सेनिटरी प्याडको मुल्य १७ लाख ८५ हजार ९ सय २८ देखाई भुक्तानी गरिएको थियो।

आयोगका अनुसार ८ लाख ७४ हजार ३ रुपैयाँ स्वाभाविक रुपमा बढी मूल्य तिरी/भुक्तानी लिई दिई आफूहरुलाई लाभ पुऱ्याउने र गाउँपालिकालाई हानिनोक्सानी पुऱ्याउने बदनियतले प्रोप्राइटर साहलाई भुक्तानी दिने/लिने कार्य गराएको पुष्टि हुन आएको हो।

सो कार्यमा अरविन्द, श्याम सुन्दर, श्याम प्रसाद र सुजनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ञ) बमोजिमको कसुरमा ८ लाख ७४ हजार ३ रुपैँया विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको आयोगले जनाएको छ।

त्यस्तै, साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ञ) वमोजिम सोही ऐनको दफा २२ वमोजिमको मतियारको कसुरमा मुख्य कसुरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ञ) बमोजिमको कसुरमा ८ लाख ७४ हजार ३ रुपैयाँ विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय माग गरिएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

## निर्माण व्यवसायी संघ, निर्वाचन समिति २०८०, सप्तरीको आवश्यक सूचना

निर्माण व्यवसायी संघ, सप्तरीको १३ औं साधारण सभाबाट घोषणा भए अनुरुप यही २०८० माघ १३ गते शनिवारका दिन हुने निर्वाचनको मतदान कार्यक्रममा उपस्थित भई मतदान गर्न संघका सम्पूर्ण मतदाता सदस्यहरुलाई हार्दिक अनुरोध छ। मतदानको समय बिहान ११ बजे देखि दिउँसो ४ बजे सम्म रहेकोले सो समयमा राजबिराज स्थित निर्माण व्यवसायी संघको कार्यालय भवन, राजविराज ८ मा नेपाली नागरिकता वा नेपाल सरकारले जारी गरेको चिन्हिने फोटो सहितको कुनै पनि आधिकारिक परिचय पत्र सक्कलै लिई उपस्थित भई दिनु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**निर्वाचन समितिको कार्यालय**
**निर्माण व्यवसायी संघ, सप्तरी, राजबिराज**

# सरकार आन्तरिक रोजगार दशक घोषणाको तयारीमा

काठमाडौं, ११ माघ (रासस)।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले विसं २०८१ देखि २०९१ लाई आन्तरिक रोजगार दशक घोषणा गर्ने तयारी सरकारले गरिरहेको बताउनुभएको छ।

नबिल बैंकद्वारा बिहीबार यहाँ आयोजित नबिल दक्ष प्रवासी उद्यमशील कर्जासम्बन्धी कार्यक्रमको औपचारिक शुभारम्भ गर्दै मन्त्री भण्डारीले अहिले राष्ट्रिय आप्रवासन नीति निर्माणको चरणमा रहेको र आगामी वर्षबाट आन्तरिक रोजगार दशक मनाइने बताउनुभएको हो।

"राष्ट्रिय आप्रवासन नीति बनाउन कार्यदल गठन गरेर काम भइरहेको छ। यो कार्यदलले आन्तरिक र बाह्य आप्रवासनको स्थिति विश्लेषण गरी अबको हाम्रो आप्रवासन तथा रोजगार नीति कस्तो हुनेछ भन्ने विश्लेषण गर्नेछ", उहाँले भन्नुभयो, "आन्तरिक रोजगारी सिर्जना गरेर हाम्रो श्रमशक्ति बाहिर जान नदिनु हाम्रो मुख्य लक्ष्य र जिम्मेवारी हो। त्यसको व्यवस्थापनका लागि अहिले आन्तरिक रोजगारी सूचना प्रणाली तयार भइरहेको छ।"

श्रममन्त्री भण्डारीले नेपालको कुल गार्हस्थ्य उत्पादनमा वैदेशिक रोजगारीले ठूलो योगदान गरे पनि नेपालबाट ठूलो जनशक्ति बाहिरिँदा आन्तरिक श्रम बजारलाई समस्या भएको उल्लेख गर्नुभयो। स्वदेशमा रोजगारीको अवसर नहुँदा युवाशक्ति विदेशिनुपरेको उहाँले बताउनुभयो।

"ठूलो सङ्ख्यामा युवाहरू विदेशिइरहेका छन्। यो हाम्रो बाध्यात्मक अवस्था हो। नेपालमै रोजगारी सिर्जना कसरी गर्ने र श्रमशक्ति बाहिरिनबाट रोक्ने भनेर हामीले केही योजना बनाउन सकेका छैनौं", उहाँले भन्नुभयो, "आन्तरिक रोजगारी सिर्जना नै पहिलो विकल्प हो। तर कुरा गरेर मात्र यो समस्या समाधान हुँदैन। सबै क्षेत्रको सहयोग र समन्वय आवश्यक छ।"

श्रम मन्त्रालयका सचिव केवलप्रसाद भन्डारीले जलवायु परिवर्तनका कारण उत्पन्न समस्या र गरिबीका कारण नेपालमा आन्तरिक तथा बाह्य बसाइँसराइ बढिरहेको बताउनुभयो। "अवसरका लागि युवाहरू विदेशिने मात्र नभई देशभित्रै पनि आप्रवासनको ठूलो चक्र रहेको छ। गाउँबाट अवसरका लागि सहर पस्ने क्रम बढेको विभिन्न तथ्याङ्कले पनि देखाएका छन्", सचिव भण्डारीले भन्नुभयो।

विभिन्न देशबाट सीप तथा प्रविधि सिकेर फर्किएकाहरूलाई नेपालमा व्यवसाय गर्ने वातावरण बनाउन बैंक तथा वित्तीय संस्थाहरूले सानो पुँजीको कर्जा सहजरूपमा प्रवाह गर्नुपर्ने बताउनुभयो। त्यस्तै वैदेशिक रोजगारमा जाने अधिकांशले मिटरब्याजमा ऋण लिनुपर्ने अवस्था रहेको उल्लेख गर्दै सचिव भण्डारीले बैंकबाट कर्जा लिएर विदेश जान सक्ने व्यवस्था गरिनुपर्ने बताउनुभयो। विदेश जानेहरूलाई बैंकले ऋण दिनुपर्ने उहाँको भनाइ छ।

नबिल बैंकले प्रवासबाट फर्किएका नेपालीका लागि लक्षित गरी यो कर्जा कार्यक्रम ल्याएको हो। विदेशबाट सीप दक्षता र पुँजी लिएर फर्किएका व्यक्ति तथा उनीहरूको परिवारलक्षित कर्जा योजना ल्याइएको नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुङ्गानाले बताउनुभयो। आयमूलक व्यवसाय र उद्यम सुरु वा विस्तार गर्न यो कर्जा कार्यक्रमले सघाउने विश्वास उहाँले व्यक्त गर्नुभयो। सस्तो ब्याजदर, न्यून सेवा शुल्क तथा परियोजनालाई नै धितो राखेर कर्जा पाइने बैंकले जनाएको छ।

बैंकका अनुसार यो कर्जा योजनाअन्तर्गत आधार दरमा एक दशमलव पाँच प्रतिशतमा कर्जा उपलब्ध गराइने छ। अधिकतम रु १० करोडसम्मको कर्जासीमा तोकिएको यो योजनामा विभिन्न चारवटा श्रेणीमा कर्जा रकम विभाजन गरिएको छ। यो कर्जा कार्यक्रमअन्तर्गत रु १५ लाखसम्मको कर्जा, रु १५ लाखदेखि एक करोडसम्म, रु एक करोडदेखि रु पाँच करोड र रु पाँच करोडदेखि रु १० करोडसम्मको कर्जा रकम तोकिएको छ। यस्तो प्रकारको कर्जाको अवधि १० वर्षको रहने पनि बैंकले जनाएको छ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता

राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता



तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


## विश्व समाचार

### गाजास्थित संयुक्त राष्ट्रसंघीय प्रशिक्षण केन्द्रमा आक्रमण कम्तीमा नौ जनाको मृत्यु

गाजा, ११ माघ (रासस/सिन्ह्वा)।

गाजाको प्रमुख दक्षिणी सहर खान युनिसस्थित संयुक्त राष्ट्रसङ्घको प्रशिक्षण केन्द्रमा बुधबार आक्रमण गरी आगो लगाइएको छ। घटनामा परी कम्तीमा नौ जनाको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घका अधिकारीले बताएका छन्। गाजामा प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्र सङ्घ राहत तथा योजना निकायका एजेन्सीका निर्देशक थोमस ह्वाइटले सामाजिक सञ्जाल एक्स (ट्वीटर)मा जनाएअनुसार आठ सय जना मानिसहरु बसोबास गरिरहेको भवनमा गोलाबारी भएको थियो। आक्रमणमा कम्तिमा नौ जनाको मृत्यु भएको छ भने अन्य ७५ जना घाइते भएका छन्।

युएनआरडब्लुए र विश्व स्वास्थ्य सङ्गठनका उद्धार टोलीहरू उद्धारको लागि केन्द्रमा पुग्ने प्रयास गरिरहेको उहाँले बताउनुभयो। खान युनुसको पश्चिमी क्षेत्रमा इजरायली बम विस्फोटले प्रशिक्षण केन्द्रमा ठूलो आगलागी निम्त्याएको प्रत्यक्षदर्शीहरूले बताएका छन्। आगलागीले भवनको ठूलो भागमा क्षति पुगेका कारण धेरै मृतक तथा घाइते व्यक्तिलाई केन्द्र भित्रबाट बाहिर सार्नु परेको उहाँले बताउनुभयो। इजरायली सेनाले लगाएको घेराबन्दीका कारण एम्बुलेन्स र मेडिकल टोलीहरू जलिरहेको प्रशिक्षण केन्द्रमा पुग्न नसकेको प्रत्यक्षदर्शीहरूले बताएका छन्। प्यालेस्टिनी विदेश मन्त्रालयले प्रशिक्षण केन्द्रमा भएको गोलाबारीको निन्दा गरेको छ। युएनआरडब्लुएका संस्था, कर्मचारी, विद्यालय, आश्रय र उपकरणहरूलाई इजरायलले सुनियोजितरूपमा आक्रमण गरेको मन्त्रालयले बताएको छ। पछिल्लो २४ घण्टामा, इजरायली सेनाले गरेको २४ वटा आक्रमणमा २१० प्यालेस्टिनीको मृत्यु भएको छ। आक्रमणमा अन्य ३८६ जना घाइते भएका छन्। सन् २०२३ अक्टोबर ७ देखि सुरु भएको आक्रमणजन्य घटनाका कारण २५ हजार ७०० प्यालेस्टिनीको मृत्यु भइसकेको छ। आक्रामणमा घाइतेहरूको कूल सङ्ख्या ६३ हजार ७४० पुगेको छ।

### चीनमा पान्डाको संख्या एक हजार ९०० को हाराहारीमा

बेइजिङ, ११ माघ (रासस/सिन्ह्वा)।

चीनमा पान्डाको सङ्ख्या एक हजार ९०० को हाराहारीमा पुगेको राष्ट्रिय वन तथा घाँसे मैदान प्रशासनले बिहीबार जनाएको छ। सन् १९८० को दशकमा एक हजार १०० पान्डा रहेकोमा अहिले एक हजार ९०० को हाराहारीमा रहेको चिनियाँ प्रशासनले जनाएको छ। जाइन्ट पान्डा राष्ट्रिय निकुञ्जका कर्मचारी फाङ युले भन्नुभयो, "पान्डाको यो उल्लेखनीय वृद्धिको मुख्य कारण चीनको तीव्र सुरक्षा प्रयास हो।" पान्डा संरक्षणका लागि अक्टोबर २०२१ मा जाइन्ट पान्डा राष्ट्रिय निकुञ्जको स्थापना गरिएको थियो। "निकुञ्जले २२ हजार वर्ग किलोमिटरभन्दा बढीको क्षेत्र ओगटेको छ र यसले करिब ७२ प्रतिशत जङ्गली विशाल पान्डालाई महत्वपूर्ण सुरक्षा प्रदान गर्दछ," फाङले भन्नुभयो। सन् २०१२ देखि अहिलेसम्म विशाल पान्डाको वासस्थानको संरक्षित क्षेत्र १३ लाख ९० हजार हेक्टरबाट बढेर २५ लाख ८० हजार हेक्टर पुगेको छ, जसले जङ्गली पान्डाको जनसङ्ख्याको सुरक्षा र दिगो विकासलाई प्रभावकारी रूपमा कायम राखेको प्रशासनको तथ्याङ्कले देखाएको छ।

### श्रीलङ्काको पुनर्वास केन्द्रबाट ४० कैदी फरार

कोलम्बो, ११ माघ (रासस/सिन्ह्वा)।

श्रीलङ्काको उत्तर मध्य प्रान्तको काणाकादु उपचार तथा पुनर्वास केन्द्रबाट बुधबार राति करिब ४० जना कैदीहरू भागेको पुनर्वास आयुक्त जनरल दर्शना हेट्टियाराचीले बिहीबार बताउनुभएको छ। कैदीहरू दुर्व्यसनीहरूको दुई समूहबीचको झडपपछि भागेको हेट्टियाराचीले सञ्चारमाध्यमलाई बताउनुभयो। प्रहरीले झडपलाई नियन्त्रणमा लिएको तथा भाग्नेहरूलाई पक्राउ गर्नका लागि खोजी अभियान सुरु गरेको उहाँले बताउनुभयो। यस्तै जनवरी १२ मा ६० जनाभन्दा बढी कैदीहरू केन्द्रबाट भागेका थिए। न्याय, कारागार मामिला तथा संवैधानिक सुधार मन्त्री विजयदास राजापाक्षेले काणाकादुको व्यवस्थापन परिवर्तन गर्न आवश्यक कदम चाल्ने बताउनुभयो। डिसेम्बर २०२३ मा पनि दुई समूहबीचको झडपको क्रममा १३० भन्दा बढी कैदीहरू जेलबाट भागेका थिए।

### सडक दुर्घटनामा मन्त्रीसहित दुईको मृत्यु

कोलम्बो, ११ माघ (रासस/सिन्ह्वा)।

कोलम्बो-काटुनयाके एक्सप्रेसवेमा बिहीबार भएको सडक दुर्घटनामा श्रीलङ्काका जल आपूर्ति राज्यमन्त्री सनथ निशान्त र एक प्रहरी अधिकृतको मृत्यु भएको प्रहरीले जनाएको छ प्रहरीका अनुसार राज्य मन्त्रीको गाडी एक्सप्रेसवेको कन्दाना पुलिस डिभिजनमा कन्टेनर ट्रकसँग दुर्घटनाग्रस्त भएको हो। राज्यमन्त्री र प्रहरी अधिकारीलाई अस्पतालमा भर्ना गर्दा मृत्यु भई सकेको अस्पताल स्रोतलाई उद्धृत गरी प्रहरीले जनाएको छ। दुर्घटनामा घाइते गाडीको चालकको भने उपचार भइरहेको छ।

# पुसी पुर्णिमाको अवसरमा सप्तकोशीमा घुँइचो



**दैनिक समाचारदाता**
**राजविराज, ११ माघ ।**

पुसी पुर्णिमाको अवसरमा सप्तरीका आधा दर्जन जती पालिकाले बिहीबार सार्वजनिक बिदा दिएको छ ।

यस अवसरमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका, कंचनरुप नगरपालिका, राजविराज नगरपालिका, महादेवा गाउँपालिका, तिरहुत गाउँपालिका लगायत आधा दर्जन जति पालिकाले बिहीवार सार्वजनिक विदा समेत दिएको हो ।

पुर्णिमाको अवसरमा सप्तकोशी लगायत विभिन्न नदी जलाशयहरुमा बिहीबार हजारौ श्रद्धालुहरुले स्नान गरेका छन् । सुनसरी र सप्तरीको सिमामा पर्ने सप्तकोशी नदीमा श्रद्धालु भक्तजनको सर्वाधिक भीड देखियो । यहाँ एक दिने पूर्णिमा मेला समेत लागेको छ ।

पूर्णिमाका दिन नदीमा नुहाउनाले पाप कट्ने र पुण्य प्राप्ति हुने धार्मिक मान्यता रहेकाले अत्याधिक चिसोका वावजुद सप्तकोशी नदीमा (डुबुल्की) स्नान गर्न ५० हजार भन्दा बढी श्रद्धालु भक्तजन पुगेको हनुमाननगर कंकालिनी नगरपालिकाका नगरप्रमुख विरेन्द्र माझीले बताए ।

सप्तकोशी नदीमा पूर्णिमा स्नानका लागि सुनसरी र सप्तरीका मात्र होइन । छिमेकी राष्ट्र भारतको भिमनगर, विरपुर, सिम्राही, कर्जाईन, फारबिसगन्ज, सहर्षासम्मका वृद्धवृद्धा, बालबालिका तथा महिला पुरुषको भिड लागेको स्थानीयवासी गंगा साहले बताए । यहाँ लाग्ने एक दिने मेलालाई कृषि मेलाको रुपमा समेत चिनिदै आएको छ । मेलामा कृषि औजारहरुका साथै घरेलु प्रयोजनमा प्रयोग हुने हस्तनिर्मित सामाग्रीहरुको खरीद बिक्रीका लागि समेत महत्वपूर्ण मानिन्छ ।

## वर्षौदेखि भोगचलन ....

उक्त पत्रमा उल्लेखित जग्गाहरु केही ब्यक्तीहरुले किर्ते सिफारिस तयार गरी विक्री वितरण गर्न खोजेको उल्लेख गर्दै सो को छानवीन र विवादको अन्तिम किनारा न लागे सम्म जग्गाको खरिद विक्री कार्य रोक्का राख्न पनि आग्रह गरिएको थियो ।

तर हाल सो विपरितको कार्य अघि बढेको विटौरी जग्गा वाहकहरुको गुनासो छ । उनीहरुले यस कार्यमा वडा कार्यालयका एक कर्मचारी, पूर्व जनप्रतिनिधीको संलग्नता र मिलोमतोमा किर्ते सिफारिस लगायतका कागजात तयार गरी स्थानीय केही ब्यक्ती जग्गा विक्रीको चलखेल गरिरहेको आरोप लगाउदै यसको सुक्ष्म अनुन्धान हुनु पर्ने माँग समेत गरेका छन् ।

यता उक्त जग्गाको विषय अदालतमा पुगिसकेको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत विनय कुमार सोनुको भनाई छ । अदालतको आदेश कार्यान्वयन गर्ने क्रममा वडा कार्यालयले विटौरी रसिद काट्न रोकेको बताएका उनले भने- “अदालतमा मुदा परेपछि ती जग्गाको मालपोत काट्नका लागी आदेश भएको रै छ, अब त्यस्तो अवस्थामा एउटै जग्गाको विटौरी र मालपोत काट्न न मिल्ने भएकाले समस्या भएको हो ।”

केही दिन अघि मात्र आफू यहाँ सरुवा भई आएको र सबै पक्षलाई राखि उचित समाधानको पहल थालेको उनको भनाई छ ।

नगर पिच्छै फरक नीतिले विटौरी जग्गा बाहक अन्य पालिकाहरुमा समेतका गरी हज्जारौ परिवार समस्यामा परेको भन्दै यहाँका बुद्धिजीवीहरुले अबिलम्ब यसको समाधानका लागी स्थानीय, प्रदेश र संघिय गरी तीनै तहका सरकारले पहल गर्नू पर्ने माग गरेका छन् ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


# तीन जना राष्ट्रसेवक कर्मचारी सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, ११ माघ ।**

यहाँ एक संस्थाले कार्यक्रमको आयोजना गरि तीन जना राष्ट्रसेवक कर्मचारीलाई सम्मान गरेको छ ।

अफिर्सस क्लब सप्तरीले बिहीबार एक कार्यक्रमबीच जिल्ला खेलकुद विकास समितिका पूर्व प्रशिक्षण प्रमुख संजय परियार, तिलाठी कोइलाडी गाउँपालिका र रुपनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत क्रमशः राजु झा र तारणी प्रसाद यादवलाई सम्मान गरेको हो ।

राष्ट्रसेवकको रुपमा आफ्नो जिम्मेवारी कुशलतापूवर्क निर्वाह गरेको तथा समाजमा योगदान पुऱ्याए वापत उनीहरुलाई सम्मान गरिएको क्लबका अध्यक्ष मनोज यादवले जानकारी दिए ।

सो अवसरमा क्लबका संरक्षकसमेत रहेको कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी किरण थापाले राष्ट्रसेवक कर्मचारीलाई सम्मान गर्दै सेवाग्राहीको काममा निश्पक्ष भई जिम्मेवारीपूर्ण तरिकाले राष्ट्रसेवकहरु कार्य सम्पादन तथा समाजका लागि योगदान दिनु पर्नेमा जोड दिएका थिए ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**


**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## सुचना ! सुचना ! सुचना !

सप्तरीको तिलाठी कोईलाडी गाउपालिका वडा नं. २ लौनियावाट राजबिराज जाने क्रममा मेरो प्रविणता प्रमाणपत्र तह (+२) को सक्कल म्याग्रेशन हराएकोले पाउनु हुने महानुभावले तपसिल बमोजिमको ठेगानामा उपलब्ध गराईदिनहुन अनुरोध गर्दछु ।

**निवेदक**
अन्नपुर्णा कुमार मण्डल
तिलाठी कोईलाडी २ लौनियाँ
सम्पर्क नम्वर : ९८००९०३९६२
रजिष्ट्रेशन नम्वर : ७२१५४५००१
सिम्वोल नम्वर : २१५०१६९५



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**


**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*